## बकैया गाउँकार्यपालिकाको मिति २०७५।१०।४ गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

### १. मर्सिकोर परियोजनाको रकम खर्च सम्बन्धमा:-

बकैया गाउँपालिका र मर्सिकोर परियोजना बिच भएको सम्झौता बमोजिम गाउँपालिकाको खातामा प्राप्त भएको/हुने रकम "गाउँ खेलकुद समन्वय समिति" को खाता खोली त्यस खातामा ट्रान्स्फर गरी/गर्न लगाई सो परियोजनाको सबै क्रियाकलाप गाउँपालिकाको प्रतक्ष्य निर्देशन र नियन्त्रणमा सोहि समिति मार्फत संचालन गर्ने र समितिले मर्सिकोर परियोजनालाई गर्नुपर्ने नियमित रिपोर्टिङ्ग सम्बन्धी कागजात गाउँपालिकाबाट प्रमाणीत गराएर मात्र पठाउनुपर्ने गरी सर्वसम्मत निर्णय गरियो ।

### २. गाउँपालिका एकिकृत यातायत गुरुयोजना(MTMP) तयार सम्बन्धमा:-

बकैया गाउँपालिकाको समग्र यातायात क्षेत्रको समुचित रुपमा आवधिक रुपमा विकास गर्नको लागि "गाउँपालिका एकिकृत यातायत गुरुयोजना"(MTMP) तयारको प्रकृया अघि बढाउने सर्वसम्मत निर्णय गरियो।

### ३. योजना संचालन सम्बन्धमा:-

प्रदेश नं ३ सरकारबाट शशर्त अनुदान अन्तर्गत "कालीदमार देखी वाइवालोसे हुँदै कान्तीलोक मार्ग सडक" शिर्षकको योजना बोलपत्रको माध्यमबाट संचालन गर्ने निर्णय गरियो।

### ४. स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम संचालन सम्बन्धमा:-

जिल्ला समन्वय समिति मकवानपुरको च नं ९८५ मिति २०७५।९।२८ को पत्रबाट जानकारी गराइएको बकैया गाउँपालिकालाई प्राप्त "स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम" अन्तर्गतको तपशिल बमोजिमका योजनाहरु उपभोक्ता समिति मार्फत संचालन गर्ने गरी सर्वसम्मत निर्णय गरियो ।

तपशिल

| क सं | योजनाको नाम | वडा नं | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | भालुखोला टिकुली सडक | बकैया ६ | ९,९५,०००।०० | |
| २ | चुवार खोला ड्याम सिचाई | बकैया ८ | ९,९५,०००।०० | |
| ३ | सुधा ज्यामिरे गढवान सडक | बकैया ६ | १९,९०,०००।०० | |
| ४ | भडौरा भित्रीस्वाँरा सडक | बकैया ५ | ९,९५,०००।०० | |

### ५. ढुङ्गा गिट्टी बालुवाको कर संकलन ठेक्का सम्बन्धमा:-

बकैया गाउँकार्यपालिकाको मिति २०७५।८।२० गतेको निर्णय बमोजिम आव्हान गरिएको ढुङ्गा गिट्टी बालुवा लगायतका नदिजन्य उपजको संकलन तथा विक्री कर संकलनको ठेक्का प्रकृयामा नियमानुसार सहभागी भइ

अधिकतम अंक कबोल गर्ने श्री एम बि निर्माण सेवाले पेश गरेको बोलपत्र स्विकृत गर्ने निर्णय गरियो । साथै प्रकाशीत बोलपत्र सूचनामा उल्लेख गरिए बमोजिम स्विकृत फर्मले सम्झौता पुर्व शत प्रतिशत रकम एकमुष्ठ रुपमा बुझाउन राजी भएमा उक्त फर्मलाई उसले कबोल गरेको अंकको दश प्रतिशत रकम छुट दिने गरी सर्वसम्मत निर्णय गरियो।

**६. पाइप खरिद सम्बन्धमा:-**

बकैया गाउँपालिकाको चालु आर्थिक वर्ष २०७५।७६ को स्विकृत वार्षिक कार्यक्रममा तपशिल बमोजिम शिर्षकमा विनियोजन गरिएको योजनाको लागत अनुमान तयार गरी एकमुष्ट रुपमा गाउँपालिकाले पाइप खरिदको प्रकृया अघि बढाउने गरि निर्णय गरियो।

तपशिल

| क सं | योजनाको नाम | वडा | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | खानेपानी पाइप खरिद | वडा नं ६ | ५,००,०००।०० | |
| २ | खानेपानी पाइप खरिद | वडा नं ८ | १,००,०००।०० | |
| ३ | खानेपानी मर्मतका लागि पाइप खरिद तथा वितरण | वडा नं १० | ४,००,०००।०० | |
| ४ | खानेपानी पाइप खरिद | वडा नं १२ | ५,००,०००।०० | |
| | जम्मा | | १५,००,०००।०० | |

**७. सेवा करारमा कार्यरत कर्मचारीको करार नविकरण सम्बन्धमा:-**

बकैया गाउँपालिका भित्र विभिन्न पदमा कार्यरत करारका कर्मचारीकोहरुको २०७६ असार मसान्त सम्मको करार नविकरण निजको कार्य सम्पादन, निज कार्यरत कार्यालय/वडा कार्यालयको सिफारिसका आधारमा प्रमुख प्रशासकीय अधिकृतले गर्न सक्ने गरी निर्णय गरियो ।

**८. मेलमिलापकर्ता संयोजकको पारिश्रमिक सम्बन्धमा:-**

बकैया गाउँपालिकाको न्यायीक समिति मातहत कार्य गर्न मेलमिलापकर्ताको रुपमा सूचीकृत भई "मेलमिलापकर्ता संयोजक" को रुपमा कामकाज गरिरहनुभएका मेलमिलापकर्ता श्री नरहरी गौतमलाई संयोजकको रुपमा निजले निरन्तर सम्पादन गर्दै आउनुभएको कार्यको पारिश्रमिक स्वरुप निज गाउँपालिकामा सूचीकृत भएको मिति देखि मासीक रु ८,०००।०० पारीश्रमिक भुक्तानी गर्ने निर्णय गरियो।

**९. गाउँपालिका र वडा स्तरीय योजना अनुगमन सम्बन्धमा:-**

बकैया गाउँपालिकाबाट चालु आर्थिक वर्षमा संचालन भइरहेका योजनाहरु मध्ये रु ५ लाख देखिका योजनाहरुको अनिवार्य रुपमा गाउँपालिका स्तरीय अनुगमन समितिबाट अनुगमन भइ प्रतिवेदन पेश भए पछि फरफारक समिति मार्फत फरफारकको प्रकृया अघि बढाउने र सो भन्दा कम रकमका योजनाको हकमा भने सम्बन्धित

वडाको वडा स्तरीय अनुगमन समितिले अनुगमन गरी पेश गरेको अनुगमन प्रतिवेदनलाई नै अन्तिम प्रतिवेदन मानी फरफारक समितिले फरफारकको लागि प्रकृया अघि बढाउन सक्ने गरी निर्णय गरियो ।

**१०. आर्थिक सहयोग सम्बन्धमा:-**

युवा सङ्गठन नेपाल जिल्ला समिति मकवानपुरको मिति २०७५।१०।२ च नं ५०१ को पत्रबाट युवा संगठन नेपालको १० औं जिल्ला सम्मेलनमा खर्च भएको रु ३६,७५०।०० को भुक्तानी माग भइ आएकोले सो रकम भुक्तानी गर्ने निर्णय गरियो ।

**११. नापी सर्वेक्षक र अमिन सेवा करार सम्बन्धमा:-**

बकैया गाउँ कार्यपालिकाको मिति २०७५।९।५ को बैठकबाट ऐलानी जग्गाको तथ्याङ्क संकलन कार्यको लागि ६ जना नापी सर्वेक्षक सेवा करारमा लिने गरी निर्णय गरिएकोमा ५ जना अमिन र १ जना नापी सर्वेक्षक गरी ६ जना सेवा करारमा लिने गरी निर्णय गरियो ।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
३ नं. प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष